

# ११ परमेश्वरलाई विश्वासघात गरेर त्यागिएका मानिसहरु

*<u>यस अध्यायका मूल पदहरू:</u>* नहेम्याह १३:१-९, व्यवस्था २३:३-६, नहेम्याह १३:१०-१४, गन्ती १८:२१-२४,नहेम्याह १३:१५-२२ र यूहन्ना ५:५-१६।

*<u>यस अध्यायको मूल सार पदः</u>* **"अनि शबाथ-दिन पवित्र राख्न भनी मैले ती लेवीहरूलाई तिनीहरूले आफूलाई शुद्ध गरी मूल ढोकामा पहरा दिनू भन्ने आज्ञा गरें। हे मेरा परमेश्वर, यो पनि मेरो निम्ति सम्झना रहोस्, र तपाईंको महान् प्रेममा आफ्नो कृपा ममाथि रहोस्।" (नहेम्याह १३:२२)।**

नहेम्याह १२ र १३ अध्यायको अन्ततिर हेर्दा नहेम्याह बेबिलोनमा फर्केका थिए। कति समयसम्म उनी बेबिलोनमा रहेका थिए भन्ने कुरा हामीलाई थाहा छैन। लगभग ई.पू. ४३०-४२५तिर होला। जब उनी यरुशलेममा फर्केर आए तब कतिपय यहूदीहरूले परमेश्वरलाई विश्वासघात गरेर उहाँलाई त्यागेका थिए। यरुशलेमको पर्खालको निर्माण भएपछि तिनीहरूले परमेश्वरसँग यी करार बाँधेका थिए अर्थात् सम्झौता गरेका थिएः पहिलो, मूर्तिपूजा गर्ने जातिहरूबाट अन्तर विवाह नगर्ने, दोस्रो, साबथलाई होशियारी र श्रद्धापूर्वक पालन गर्ने र परमेश्वरको मन्दिरलाई रेखदेख गर्ने र व्यक्तिगत दशांश र भेटीबाट त्यस मन्दिरलाई सम्हाली राख्ने (नहेम्याह १०)। तर समय बित्दै जादा तिनीहरूले ती तिनवटै प्रतिज्ञालाई लत्याएका थिए।

जब नहेम्याह फर्केर आए तब परमेश्वरप्रतिको भक्ति र आराधनामा सुस्तता, सिथिलता र उदासिनता आएको उनले भेट्टाए। मानिसहरूले दशांश र भेटीहरू दिन छोडेका थिए, मन्दिरका कोठाहरू अर्कै कामका लागि प्रयोग गरिएका थिए, साबथलाई उचितरूपमा पालन गर्न छाडेका थिए र आफ्ना छिमेकी देशका मानिसहरूसँग अन्तर्जातीय विवाहवारी गरेका थिए। अझ नराम्रो

र दुःखलाग्दो कुरा त जुन नेतृत्वमा उनले तिनीहरूलाई छाडेका थिए तिनीहरू नै इस्राएलीहरूको परमेश्वरसँगको सम्बन्धलाई तल्लोस्तरसम्म झार्न अग्रसर भएका थिए। कतिपय कुराहरूमा नकारात्मक परिवर्तन आएकोमा नहेम्याह अति बिचलित भएका थिए। फेरि उनको इच्छा विपरीत जे भयो त्यसमा आँखा चिम्लिएर बस्नुको सट्टा परमेश्वरको महिमाको निम्ति उनले कदम चाले।

## १. मन्दिरका भ्रष्ट अगुवाहरू

परमेश्वरप्रतिको विश्वासमा अडिग भएर बस्ने र उहाँको करारमा चोखो भएर बस्ने इस्राएलीहरूको प्रतिवद्धतालाई बिदेशी जाति आमोनी र मोआबहरूले मूर्तिपूजा भित्र्याएर वा इस्राएलीहरूले आउन दिएर आस्थाको अस्मितालाई प्रदुषित पारेकोले नहेम्याह चिन्तित भएको कुरा नहेम्याह १३:१-३ले बताउँछ। परमेश्वरलाई विश्वास गर्ने विभिन्न देश, वर्ण वा जातिका मानिसहरूलाई धपाउन ती पदहरूले भन्दैनन् तर मूर्तिपूजाका विभिन्न अशोभनीय संस्कारहरूलाई भित्र्याएकोले र अरू कारणले पनि सहरबाट अम्मोनी र मोआबी जातिलाई निकाल्न आह्वान गरिएको थियो भनि ती पदहरूले देखाउँछ। यही सन्दर्भमा व्यवस्था २३:३-६ले भन्छ "३ अम्मोनी वा मोआबी परमप्रभुको सभामा पस्न पाउनेछैन। दश पुस्तासम्म उनीहरूको कोही पनि सन्तान परमप्रभुको सभामा पस्न पाउनेछैन। ४ किनभने तिमीहरू मिश्रबाट आउँदा भोजन र पानी दिएर उनीहरूले तिमीहरूलाई स्वागत गरेनन्। उनीहरूले अराम-नाहारैमको पतोरमा बस्ने बओरका छोरा बालामलाई तिमीहरूलाई सराप्न भनी पैसा दिएर बोलाए। ५ तापनि परमप्रभु तिमीहरूका परमेश्वरले बालामको कुरा सुन्नुभएन, तर उहाँले त्यो सरापलाई आशिष्मा परिवर्तन गर्नुभयो, किनभने उहाँले तिमीहरूलाई माया गर्नुहुन्छ। ६ तिमीहरूले बाँचुञ्जेल अम्मोनी र मोआबीहरूसँग मित्रताको सन्धि नबनाउनू।"

**एल्याशिब र तोबिया को थिए र तिनीहरूले के अस्वीकार्य कामहरू गरेका थिए? हेर्नुहोस नहेम्याह १३:१-८ १ त्यस दिन जनताको सामुन्ने मोशाको पुस्तक पढ़ेको बेलामा यस्तो कुरा लेखिएको भेट्टाइयो, कि कुनै पनि अम्मोनी अथवा मोआबी परमेश्वरको सभामा कहिल्यै पस्न पाउनेछैन। २ किनभने उनीहरू रोटी र पानी लिएर इस्राएलीहरूसित भेट गर्न आएनन्, तर तिनीहरूलाई सराप दिन बालामलाई ज्यालामा बोलाएका थिए। तापनि हाम्रा परमेश्वरले त्यस सरापलाई आशिष्मा परिवर्तन गरिदिनुभएको थियो। ३**

मानिसहरूले त्यो व्यवस्था सुनेर सबै पराई वंशका सन्तानलाई इस्राएलबाट अलग गराए। ४ यो हुनुभन्दा पहिले नै पूजाहारी एल्यासीब हाम्रा परमेश्वरका भवनको भण्डारका अधिकारी नियुक्त भएका थिए। तिनको तोबियासँग घनिष्ठ सम्बन्ध थियो। ५ तिनले उनलाई पहिले अन्नबलि, धूपहरू, मन्दिरका भाँड़ाहरू अनि लेवीहरू, गवैयाहरू र द्वारपालहरूका निम्ति तोकिएका अन्नको दशौं अंश, नयाँ दाखमद्य र तेल तथा पूजाहारीहरूका निम्ति दान राख्ने एउटा ठूलो कोठा दिएका थिए। ६ तर यी सबै भइरहेको बेला मचाहिँ यरूशलेममा थिइनँ, किनभने बेबिलोनका राजा अर्तासास्तको बत्तीसौं वर्षमा म राजाकहाँ फर्केको थिएँ। केही समयपछि यरूशलेममा फर्किजानलाई मैले उहाँको अनुमति मागें, ७ र यरूशलेममा फर्केंर्। त्यसपछि तोबियाको निम्ति परमप्रभुको भवनका चोकहरूमा एउटा कोठा दिएर एल्यासीबले गरेको खराब कुरो मैले थाहा पाएँ।" यही सन्दर्भमा देहायका पदहरू पनि हेर्नुहोस् नहेम्याह २:१०, १७-२० "१० तर इस्राएलको भलो चाहने कुनै एक जना मानिस आएको छ भन्ने कुरा जब होरोनी सन्बलत र अम्मोनी अधिकृत तोबियाले सुने तब उनीहरू साह्रै अप्रसन्न भए।...१७ त्यसपछि मैले तिनीहरूलाई (इस्राएलीहरूलाई) भनें, 'तिमीहरू हाम्रो दुर्दशा जान्दछौ। यरूशलेम उजाड़ भएको छ। त्यसका मूल ढोकाहरू आगोले भस्म भएका छन्। आओ, हामी यरूशलेमको पर्खालको पुनर्निर्माण गरेर हाम्रो निन्दा हटाऔं। १८ परमेश्वरको कृपालु हात कसरी ममाथि परेको थियो, र राजाले मलाई के भन्नुभएको थियो, सो मैले तिनीहरूलाई बताइदिएँ। तिनीहरूले जवाफ दिए, 'हामी पुनर्निर्माणको काम सुरु गरौं।' यसैले तिनीहरूले उत्साहपूर्वक यो असल काम सुरु गरे। १९ तर होरोनी सन्बलत र अम्मोनी अधिकृत तोबिया र अरबी गेशेमले यो कुरा सुनेर हामीलाई यसो भनेर खिसी गर्दै हाम्रो गिल्ला गर्न लागे, 'तिमीहरू के गरिरहेछौ? के यो राजाको विरुद्धमा गरेको विद्रोह होइन र? २० तर मैले उनीहरूलाई यो जवाफ दिएँ, 'स्वर्गका परमेश्वरले हामीलाई सफल तुल्याउनुहुनेछ। हामी उहाँका दासहरू पुनर्निर्माणको काम सुरु गर्दैछौं। तर यरूशलेममा तिमीहरूको केही भाग, दाबी वा परम्पराको अधिकार छैन।'", नहेम्याह ३:१ "प्रधान पूजाहारी एल्यासीब र तिनका सङ्गी-पूजाहारीहरूले काम सुरु गरेर भेड़ा ढोकाको पुनर्निर्माण गरे। तिनीहरूले त्यसका ढोकाहरू खड़ा गरे। तिनीहरूले यो काम सयको बुर्जा र हननेलको बुर्जासम्मै सके र त्यसलाई अर्पण गरे।", नहेम्याह १२:१०,२२ "१० येशूअ योयाकीमका पिता थिए। योयाकीम एल्यासीबका पिता थिए। एल्यासीब योयादाका पिता थिए।...२२

**एल्यासीब, योयादा, योहानान र यद्दूअका पालाका लेवीहरूका परिवारहरूका तथा पूजाहारीका मुखियाहरूका नाउँ फारसी राजा दाराको शासनकालमा लेखिएका थिए।" र नहेम्याह १३:२८-२९ "२८ प्रधान पूजाहारी एल्यासीबका छोरा योयादाको एक जना छोराले होरोनी सन्बलतकी एउटी छोरीलाई विवाह गरेको रहेछ। यसैकारण मैले त्यसलाई मेरो सामुबाट निकालिदिएँ। २९ हे परमेश्वर, तिनीहरूले पूजाहारी पदलाई र पूजाहारीगिरी र लेवीहरूको करारलाई अपवित्र गरेकामा तिनीहरूको सम्झना रहोस्।"**

नहेम्याहको पुस्तकमा एल्यासीब र तोबिया चिर परिचित पात्रहरू हुन्। एल्यासीब, यहूदी राष्ट्रको मूल पूजारी थिए र मन्दिरको व्यवस्थापन उनकै हातमा सुम्पिएको थियो। तोबिया नहेम्याहको अम्मोनी शत्रु थियो जसले उनले मन्दिर बनाउन प्रस्ताब गर्दा घोर बिरोध गरेको थियो। वैवाहिक सम्बन्धले गर्दा एल्यासीब र तोबियाको सम्बन्ध जोडिन पुगेको देखिन्छ।

तोबियाको पृष्ठभूमिमा ऊ यहूदीबाट आएको देखिन्छ किनकि उसको नाउँले "परमेश्वर असल हुनुहुन्छ" भन्ने अर्थ दिन्छ तर उसको वैवाहिक सम्पर्कको बारेमा लेखा राखिएको छैन। उसको श्रीमतीको परिवार आराहको सन्तानबाट आएका थिए तर को हो भनेर चाँहि लेखिएको छैन। उनी एल्यासिबको परिवारको नातेदार थिइन् भनेर अनुमान गरिएको छ। नहेम्याहको विरोध गर्ने होरोनीको सन्बलतकी छोरीसँग एल्यासिबको नातिले बिवाह गरेको थियो। यरुशलेमको उच्च पदका अधिकारीहरूले यसरी नहेम्याहको नेतृत्वको विरोध गर्नेहरूसँग वैवाहिक नाता जोडेकोमा नहेम्याहलाई तनाव भएको थियो।

बडा हाकिम नहेम्याह नभएको बेलामा मूल पुजारीले तोकियालाई मन्दिरको एउटा कोठा प्रयोग गर्न दिएको थियो। त्यो कोठा दशांश, उपहार र भेटीहरूको भण्डार भनेर अलग गरिएको थियो। नहेम्याहका शत्रुहरूले अन्तमा आफूहरूले जे गर्न चाहेका थिए सो उनी नभएको बेलामा गर्न सफल भए: नहेम्याहलाई उनको पदबाट हटाएर यरुशलेमको सम्पूर्ण अधिकार आफ्नो हातमा पारे। भाग्यवस, नहेम्याह परमेश्वरप्रति बफादार भएकाले र उहाँको महिमामात्र खोज्ने भएकाले जेभयो भयो भनेर चुप लागेर बस्ने खालका अगुवा थिएनन्।

**चाहे पौराणिक इस्राएलको होस् वा नयाँ करार पछिको इसाई पवित्र इतिहासमा होस् परमेश्वरलाई विश्वास गर्छु र उहाँको नीतिमा चल्छु भन्ने**

भक्तहरू किन बारम्बार त्योपनि सजिलैसँग भ्रष्ट भएका हुन्? प्रभु येशूलाई भित्री हृदयदेखि माया गर्नेहरूले त्यस्तो भूल नगर्न कसरी सजग हुने?

## २. लेबीहरूलाई आ-आफ्नो स्थानहरूमा पुन नियुक्त गरिन्छ

**बैवाहिक गठबन्धनले ल्याएको परमेश्वरको आराधनाप्रतिको भ्रष्ट आचरणलाई सुधार्न नहेम्याहले कस्तो कदम चाल्दछ? हेर्नुहोस्, नहेम्याह १३:१०-१४ "१० लेवीहरूले आफ्ना भागहरू पाएका रहेनछन् भन्ने कुरा पनि मैले थाहा पाएँ। यसैले मन्दिरका सेवाको जिम्मा लिने लेवीहरू र गवैयाहरू सबै आ-आफ्ना गाउँहरूमा फर्केछन् भन्ने पनि मैले सुनें। ११ यसैकारण मैले अधिकारीहरूलाई हप्काएर प्रश्न गरें, 'परमेश्वरका भवनको किन अवहेलना भएको छ? अनि मैले ती मानिसहरूलाई बोलाएर फेरि तिनीहरूकै स्थानमा नियुक्त गरें। १२ त्यसपछि सबै यहूदाले अन्नका आफ्ना दशौं अंश, नयाँ दाखमद्य र तेल भण्डारमा ल्याए। १३ मैले पूजाहारी शेलेम्याह, शास्त्री सादोक र पदायाह नाउँ गरेका एक जना लेवीलाई भण्डारका जिम्मावाल नियुक्त गरें, र जक्कूरका छोरा, मत्तन्याहका नाति हानानलाई तिनीहरूका सहायक नियुक्त गरें। किनभने तिनीहरू विश्वासी मानिसहरू गनिएका थिए। तिनीहरूको कामचाहिँ आफ्ना दाजुभाइहरूका भाग वितरण गर्नु थियो। १४ हे परमेश्वर, यसको निम्ति मेरो सम्झना राख्नुहोस्, र मैले भक्तिसाथ मेरा परमेश्वरका भवनको र त्यसको सेवाको निम्ति गरेको काम नमेटाइदिनुहोस्।"**

आफ्नो र परिवारको जीवन चलाउन चाहिने खर्च जुटाउन गवैया वा गीत गाउनेहरू, द्वारपालहरू र मन्दिरमा सेवा गर्ने अरू सेवकहरूले आ आफ्नै खेतबारीमा काम गर्न फर्किनुपरेको थियो। मानिसहरूले परमेश्वरको काममा सहयोग गरेका थिएनन् र उहाँको मन्दिरमा हुने सेवाकार्यमा ध्यान दिन पनि छोडेका थिए। अनेकौं प्रयासद्वारा स्थापना भएको देशांश र भेटी दिने प्रणाली बर्वाद भएको थियो। नहेम्याहले फेरि सुरुदेखि नै मन्दिरको सेवाकार्यको स्थापना गर्नुपरेको थियो। यसरी उल्लेख गरिएको छ "७ यरूशलेममा म फर्कें। तोबियाको निम्ति परमप्रभुको भवनका चोकहरूमा एउटा कोठा दिएर एल्यासीबले गरेको खराब कुरो मैले थाहा पाएँ। ८ *म साह्रै अप्रसन्न भएँ। मैले त्यस कोठाबाट तोबियाका सबै सामानहरू फालिदिएँ*। ९ ती कोठाहरूलाई शुद्ध गरेर परमप्रभुको भवनका भाँड़ाहरू, अन्नबलि र धूपहरूसमेत तिनमा फेरि राख्न मैले आदेश दिएँ।" (नहेम्याह १३:७-९ रूपान्तरित)। परमेश्वरको

मन्दिरको पवित्रता उहाँप्रति आस्था नहुनेसँग सम्झौता गरेर बिटुलो पारिएको थियो। नहेम्याहले मन्दिरको कोठाबाट तोबियाका सबै सामानहरू फ्याँकिदिएको घट्नाले पनि उनी कति क्रुद्ध भएका थिए भन्ने देखाउँछ।

"परमेश्वरको पवित्र मन्दिरमात्र बिटुलो पारिएको थिएन त्यहाँ भित्रिएका दशांस र भेटीहरू पनि दुरुपयोग गरिएका थिए। अगुवाहरूले नै परमेश्वरको नाउँमा चढाइएका थोकहरूलाई जथाभावी दुरुपयोग गरेको कारणले सर्वसाधारण विश्वासीहरूको उदारतामा निराशा छाएको थियो अर्थात् मन्दिरमा दशांस र भेटी चढाउने नैतिक जिम्मेवारी हराएको थियो। जुन जोश र जाँगरका साथ परमेश्वरको महिमाको निम्ति खर्च बेहोरेका थिए त्यो जाँगर सेलाएको थियो। परमेश्वरको ढुकुटी एकदमै रित्तो भएको थियो। मन्दिरमा हुने सेवाकार्य (अर्थात् मिसनमा) गर्ने कर्मचारी र भजनमण्डलीका सदस्यहरूको परिवारलाई चाहिने आवश्यक सहयोग मन्दिरबाट नजुटेकोले तिनीहरू परमेश्वरको काम गर्न छोडेर आ आफ्नै काममा व्यस्त हुन थालेका थिए।"- एलेन जी ह्वाइट, प्रोफेटस एण्ड किङ्गस्, पृ. ६७०बाट रूपान्तरित।

जब नहेम्याह फर्कि आएपछि उनले जुन जोश र जाँगर देखाए त्यसले गर्दा सारा यहूदीहरू पनि भत्किएका संरचनाहरूको पुननिर्माण गर्न एकत्रित भएको कुरा अत्यन्तै चाखलाग्दो छ। सारा जनता नहेम्याहको पक्षमा तर तोबिया र एल्यसिबको विरुद्धमा खडा भए। नहेम्याहले जे गरे सो मानिसहरूकै हितको निम्ति गरेका थिए भनेर तिनीहरूले महसुस गरेकै हुनुपर्छ।साथै परमेश्वरमा अगाध आस्था राख्ने बफादार मानिसहरूलाई खटाएर मन्दिरको विभिन्न स्थानहरूको रेखदेख गर्न भनि नहेम्याहले बन्दोबस्त मिलाए। दशांस, भेटीहरू सङ्कलन गर्न, परमेश्वरको मन्दिरमा आउने खजानाहरू व्यवस्थित ढंगले जम्मा गर्न र आवश्यक कर्मचारीहरूको उचित वितरण गर्न मानिसहरूलाई फेरि खटाइए। अर्को अर्थमा भन्ने हो भने जब नहेम्याह फर्केर आए तब अगुवाहरूले गरिरहेका भ्रष्ट प्रणालीलाई जरैदेखि उखेलेर पुन संरचना गरेका थिए।

मन्दिरलाई सुसंगठित रूपमा चलाउन बफादार मानिसहरूलाई नियुक्त गरिएतापनि भ्रष्ट पुजारी एल्यसिबलाई उनको पदबाट हटाइएन। उनी मोशाका दाजु हारुनको बंसबाट आएका थिए। परमेश्वरको निर्देशन अनुसार मुल पुजारीको काम अरू कुनै जाति वा बंशबाट नभएर त्यही बंशबाट आउनुपर्थ्यो। त्यसकारण यदि एल्याशिब भ्रष्ट भए भनेर अरू कुनै मानिसलाई मुल पुजारीको

जिम्मेवारी दिन पुजारी नियुक्त गरिएमा मन्दिरको काममा बाधा हुन्थ्यो किनभने बंशको नाताले उनी मुल पुजारीकै पदमा रहन्थ्ये।

**नहेम्याहले यसरी प्रार्थना गरे "हे परमेश्वर, यसको निम्ति मेरो सम्झना राख्नुहोस्, र मैले भक्तिसाथ मेरा परमेश्वरका भवनको र त्यसको सेवाको निम्ति गरेको असल कामहरू नमेटाइदिनुहोस्।" (नहेम्याह १३:१४ रूपान्तरित)। उक्त प्रार्थनमा कस्तो मानवीय तत्व घुसेको छ?**

## ३. दशांश र भेटीहरू

नहेम्यायले मन्दिरको सेवाकार्यको पुन संचालन गर्न सुधार ल्याएका थिए। ती सुधारहरूमा दशांश र भेटीहरूको सङ्कलन र त्यसलाई व्यवस्थित ढंगले वितरण गर्नु थियो।

**दशांश र भेटीको महत्त्वको बारेमा देहायका पदहरूले के बताउँछ? के दशांस र भेटी ल्याउने कुरा केवल पौराणिक इस्राएल वा मन्दिरको सेवाकार्यको निम्तिमात्रै थियो? के त्यो पुरानो करारको नीति मात्र थियो त त्यसको पालना गर्नुपर्दैन भनेर पन्छाइदिने? के त्यो नीति हाम्रो चर्च संचालन गर्न पनि लागु हुनुपर्दैन? यथार्थमा दशांश भेटी ल्याउँदा कस्को निम्ति ल्याउनुपरेको हो भनेर सधैं याद गरिरहनुपर्छ? हेर्नुहोस्, गन्ती १८:२१-२४ "२१ "लेवीहरूलाई चाहिँ भेट हुने पालमा सेवा गर्नका निम्ति तिनीहरूको अंश स्वरूप मैले इस्राएलीहरूका सबै दशांश दिएको छु। २२ अब उप्रान्त इस्राएलीहरू भेट हुने पालको नजिक नआऊन्, नत्रता आफ्ना पापहरूको कारण तिनीहरू मर्नेछन्। २३ तर भेट हुने पालको सेवाचाहिँ लेवीहरूले गरून्, र तिनीहरू नै त्यसको विरुद्धमा गरिएका अपराधहरूको उत्तरदायी हुनेछन्। त्यो तिमीहरूका पुस्तौंसम्म अनन्तको विधि होस्। इस्राएलीहरूका बीचमा चाहिँ यिनीहरूको कुनै अंश-अधिकार हुनेछैन। २४ किनकि इस्राएलीहरूले बलिको निम्ति परमप्रभुलाई चढ़ाएका दशांश नै मैले लेवीहरूलाई अंश-अधिकार स्वरूप दिएको छु। यसैले इस्राएलीहरूसँग यिनीहरूको कुनै अंश-अधिकार हुँदैन" भनी मैले यिनीहरूका विषयमा भनेको छु।", मलाकी ३:८-१० "८ के कुनै मानिसले परमेश्वरलाई लुट्छ र? तापनि तिमीहरू मलाई लुट्दछौ। तर तिमीहरू सोध्छौ, "कसरी हामीले तपाईंलाई लुट्यौं र? "दशांशको भेटीमा। ९ सराप परेर तिमीहरू श्रापित भयौ, किनकि तिमीहरूले मलाई लुटिरहेछौ। तिमीहरू सम्पूर्ण जातिले। १० सम्पूर्ण दशांश ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस्। यसमा मलाई जाँचेर हेर,"**

सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, "म स्वर्गका ढोकाहरू उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरूमाथि बर्साउँछु वा बर्साउँदिनँ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ।", १ कोरन्थी ९:७-१४ "७ आफ्नै खर्चमा कसले सिपाहीको काम गर्छ र? दाखबारी लाएर कसले त्यसको फल खाँदैन र? गाईबस्तु पालेर कसले त्यसको दूध पिउँदैन र? ८ के मानिसको दृष्टिकोणबाट मात्र म यो भन्दैछु र? के व्यवस्थाले पनि यही कुरा भन्दैन र? ९ किनभने मोशाको व्यवस्थामा लेखिएको छ, "दाइँ गर्दा गोरुलाई मोहोलो नलगाओ।" के गोरुहरूका विषयमा परमेश्वर चिन्तित हुनुहुन्छ? १० के उहाँले हाम्रो खातिर नै यो भन्नुभएको होइन र? हाम्रो खातिर नै यो लेखिएको हो। किनकि जोत्ने र दाइँ गर्नेले अन्नको केही हिस्सा पाउने आशामा नै जोत्छ र दाइँ गर्छ। ११ यदि हामीहरूले तिमीहरूका माझमा आत्मिक बीउ रोपेका छौं भने, र तिमीहरूको भौतिक सम्पत्तिको कटनी गर्‍यौ भने, के त्यो अति भयो र? १२ यदि अरूहरूले तिमीहरूमाथि यस मुनासिब हकको दाबी गर्छन् भने के हाम्रो अझ बढ़ी हक छैन? तापनि हामीले त यस हकको प्रयोग गरेका छैनौं, तर ख्रीष्टको सुसमाचारमा बाधा नपारौं भनेर बरु हामी सबै कुरा सहन्छौं। १३ के तिमीहरूलाई थाहा छैन, कि मन्दिरमा सेवा गर्नेहरूले मन्दिरका थोकहरूबाट खान्छन्, र वेदीका सेवा गर्नेहरूले बलिबाट हिस्सा लिन्छन्? १४ त्यसरी नै सुसमाचार प्रचार गर्नेहरूले पनि सुसमाचारबाटै जीविका चलाऊन् भनी प्रभुले आज्ञा दिनुभयो।", २ कोरन्थी ९ "१ सन्तहरूका निम्ति दिइएको भेटीको विषयमा तिमीहरूलाई लेखिरहन मलाई आवश्यक छैन। २ किनभने म तिमीहरूको तत्परता जान्दछु। यसको विषयमा माकेडोनियाका मानिसहरूका सामुन्ने तिमीहरूको गर्व गर्दै मैले भनेथें, कि पोहोर सालदेखि अखैया तयारी भइरहेको छ। तिमीहरूको जोशले तिनीहरूमध्ये धेरैजसोलाई उत्तेजित पारेको छ। ३ तर यस विषयमा तिमीहरूका लागि हामीले गर्व गरेको व्यर्थ नहोस्, र मैले भनेअनुसार तिमीहरू तयार रहो भनेर म भाइहरूलाई पठाइरहेछु। ४ यदि कोही माकेडोनियाकाहरू मसँग आए र तिमीहरूलाई तयार भेट्टाएनन् भने हामी शर्ममा पर्नेछौं, र तिमीहरूलाई पनि कम्ती शर्म हुँदैन, किनभने हामीले तिमीहरूमाथि ठूलो भरोसा राखेका थियौं। ५ यसकारण तिमीहरूले प्रतिज्ञा गरेका भेटीको प्रबन्ध अघिबाटै मिलाउनका निम्ति मभन्दा अघि भाइहरूलाई तिमीहरूकहाँ पठाउन मैले आवश्यक ठानें। यसैले यो भेटी करकापले होइन, तर राजीखुशीले दिइएको भेटीको रूपमा तयार होस्। ६ तर कुरा यही हो, कि थोरै

छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ। ७ अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम देओस्, इच्छा नभई होइन, न त करकापमा परेर। किनभने खुशीसाथ दिनेलाई परमेश्‍वरले प्रेम गर्नुहुन्छ। ८ परमेश्‍वरले तिमीहरूलाई हरेक आशिष् प्रशस्त मात्रामा दिन सक्नुहुन्छ, ताकि तिमीहरूसित सधैं नै हरेक कुरा प्रशस्त होस्, र हरेक असल कामको निम्ति तिमीहरूले प्रशस्त मात्रामा दिन सक। ९ यसरी लेखिएको छ, "उसले छर्छ, र गरीबहरूलाई दिन्छ, उसको धार्मिकता सदासर्वदै रहिरहन्छ।" १० छर्नेलाई बीउ र खानलाई भोजन दिनुहुनेले तिमीहरूलाई बीउ दिनुहुनेछ, र त्यसमा वृद्धि गराउनुहुनेछ, अनि तिमीहरूका धार्मिकताको फसल बढ़ाउनुहुनेछ। ११ तिमीहरूको ठूलो उदारताको निम्ति हरेक कुरामा तिमीहरू धनी तुल्याइनेछौ, जुन उदारताले हामीद्वारा परमेश्‍वरमा चढ़ाउने धन्यवाद उत्पन्न गराउनेछ। १२ यस सेवाको कामले सन्तहरूको अभाव पूरा हुन्छ। त्यति मात्र होइन, परमेश्‍वरप्रति धेरै धन्यवादका भावना उर्लेर आउँछन्। १३ सेवाको यस जाँचअन्तर्गत तिमीहरूले ख्रीष्टको सुसमाचार स्वीकार गर्ने आफ्नो भावना आज्ञाकारिताद्वारा तथा तिनीहरू र अरू सबैका निम्ति तिमीहरूले उदार-चित्तले दिएको भेटीद्वारा परमेश्‍वरको महिमा हुनेछ। १४ परमेश्‍वरको असीम अनुग्रह तिमीहरूमा रहेको हुनाले तिनीहरूले तिमीहरूको तृष्णा गर्छन्, र तिमीहरूका निम्ति प्रार्थना गर्छन्। १५ उहाँको वर्णन गर्न नसक्ने वरदानको निम्ति परमेश्‍वरलाई धन्यवाद होस्।" र हिब्रू ७:१-१० "१ यिनै मल्कीसेदेक शालेमका राजा र सर्वोच्च परमेश्‍वरका पूजाहारी थिए। राजाहरूलाई परास्त गरेर फर्कंदा यिनले अब्राहामलाई भेटे, र तिनलाई आशीर्वाद दिए। २ यिनैलाई अब्राहामले सबै थोकको दशांश छुट्ट्याइदिए। यिनको नाउँको अर्थअनुसार यिनी पहिले धार्मिकताका राजा र त्यसपछि चाहिँ शालेमका राजा हुन्, अर्थात् शान्तिका राजा। ३ विनापिता, विनामाता, विनावंशावली, जीवनको आदि र अन्त्य नभएका, तर परमेश्‍वरका पुत्र स्वरूप, यिनी सदाकाल पूजाहारी भइरहन्छन्। ४ अब विचार गर त, यिनी कस्ता महान् पुरुष थिए, जसलाई अब्राहाम कुलपिताले पनि विजयमा हासिल गरेका थोकहरूको दशांश दिए? ५ पूजाहारी पदमा नियुक्त भएका लेवी वंशका मानिसहरूले आफ्नै दाजुभाइहरूबाट दशांश लिने आज्ञा व्यवस्थाबमोजिम पाएका थिए, यद्यपि तिनीहरू पनि अब्राहामकै सन्तान थिए। ६ तर लेवीका वंशावलीमा नपर्ने यिनै मानिसले अब्राहामबाट दशांश लिएका हुन्, र प्रतिज्ञाहरू पाउनेलाई नै यिनले आशीर्वाद दिएका हुन्। ७ यसमा विवाद गर्ने

**केही कुरै छैन, कि सानाले ठूलाबाट आशीर्वाद पाउँछ। ८ एकातिर मरणशील मानिसहरूले दशांश लिन्छन्, अर्कोतिर सदाकाल जीवित रहन्छन् भनी घोषणा गरिएका उनै एक जनाले सो लिन्छन्। ९ कसैले यो पनि भन्न सक्छ, कि दशांश पाउने लेवीले पनि अब्राहामद्वारा नै दशांश दिए। १० किनभने मल्कीसेदेकले अब्राहामलाई भेट्दा लेवी आफ्ना पिताको शरीरभित्रै थिए।"**

भक्तहरूले दशांश र भेटी मन्दिरमा ल्याइएनन् भने मन्दिरको कुनै पनि सेवाकार्य हुन सक्दैन्थ्यो। जुन मानिसहरूले भ्रष्ट अगुवाहरूको मुख हेरेर दशांश र भेटी ल्याउन छोडे त्यसपछि सम्पूर्ण आराधनाको प्रणाली जोखिममा परेको थियो अर्थात् भड्किएको थियो। मन्दिरमा चाहिने दशांश र भेटी नभित्रिदा आफ्नो र परिवारको जीवन धान्न मन्दिरमा काम गर्ने कर्मचारीहरूले अन्य काम खोज्नुपरेको थियो। तिनीहरूले मन्दिरलाई हेरबिचार गर्न भ्याएका थिएनन्। जसले गर्दा परमेश्वरलाई गर्नुपर्ने आराधना कार्यक्रम रोकिएको थियो अर्थात् मन्दिरमा तालाबन्दी गरिएको थियो भने पनि हुन्छ।

"दशांश दिने चलन सौन्दर्यपूर्ण छ। यसले समाजमा धनी वा गरिब सबै समान छन् भन्ने सिकाउँदछ। जुन अंश उहाँलाई दिन छुट्याइएको थियो त्यो उहाँकै हो र उहाँको कामको निम्ति अलग गरिएको हो भन्ने धारणा परमेश्वरले दिनुहुन्छ। त्यसकारण हामीले दिने दशांश उहाँलाई नै दिएको ठहरिन्छ।

"जब परमेश्वर दशांश दिन आह्वान गर्नुहुन्छ (मलाकी ३:१०) त्यो खुला दिल, उदारता र उहाँप्रति कृतज्ञता व्यक्त गरेर दिनुपर्छ भन्ने उहाँले अपेक्षा गर्नुहुन्छ। हो, परमेश्वरले हाम्रो पाप क्षमा गर्नुभयो, उहाँले हामीलाई धेरै सहयोग गर्नुभयो, उहाँ हाम्रो निम्ति मर्नुभयो ताकि अब हामीले धर्मकर्म गरेर मुक्ति खोज्नुपर्दैन जसले गर्दा उहाँप्रति आभार तथा कृतज्ञता व्यक्त गर्नु हाम्रो धर्म वा उपासनाकै एउटा भाग हुनुपर्ने भएतापनि दशांश दिनुपर्नेचाहिँ उहाँको अनुरोध नभएर निर्देशन वा आदेश हो। भक्तले कमाएका प्रत्येक आम्दानीको दश भागको एक भाग परमेश्वरको हो त्यसकारण त्यो उहाँलाई फर्काउन उहाँले निर्देशन दिनुहुन्छ।"-सेभेन्थ-डे एडभेन्टिस्ट बेलिभ..(दोस्रो संस्करण, ब्वाइज, आइडाहो, पासिफिक, २००५), पृ. ३० ४बाट रूपान्तरित।

जब इस्राएलीहरूले दशांश र भेटी नल्याउँदा मन्दिरमा हुने सेवाकार्य रोकिएको थियो त्यसरी नै यदि बप्तिस्मामा लिँदा खाएको शपथ अनुसार हामीले

दशांश र भेटी ल्याएनौं भने हाम्रो चर्चको संरचना पनि भत्केर जानेछ। यदि चर्चका कर्मचारीहरूलाई तलब दिइएन भने हाम्रो चर्चमा गरिने गुणस्तरीय प्रचारप्रसारको कार्यक्रम तथा योजना बनाएर परमेश्वरको काम गर्ने कार्यक्रम र चर्चको व्यवस्थापन  नै भत्किएर जानेछ।परमेश्वरप्रति देखाउनुपर्ने श्रद्धा, भक्ति आराधना गर्ने गुणस्तरीय कार्यक्रम पनि घटेर जानेछ र चर्च चलेपनि त्यो हचुवाको भरमा चल्न पुग्छ। अझ महत्त्वपूर्ण कुरा त हामीहरूले दिने दशांश भेटी नदिंदा येशूले दिनुभएको सारा संसारमा गएर सुसमाचर प्रचार गर्ने निर्देशनको अस्तितव पनि समाप्त हुन जान्छ।

अझ भन्नुपर्दा हामी दशांश दिन्छौं किनकि त्यो प्रणाली चलाउन उहाँकै वचनले भन्दछ। कतिपय समयमा परमेश्‍वरले जे गर्न निर्देशन गर्नुहुन्छ त्यसलाई किन भनेर त्यँहा उहाँको व्याख्याको जरुरी हुँदैन। सबै थोक उहाँको नियन्त्रणमा छ भनेर उहाँमाथि हामी भरोसा राखौं भनि उहाँ अपेक्षा गर्नुहुन्छ। दशांशको बारेमा हामीले थाहा पाउनुपर्छ र त्यो कसरी उपयोग हुन्छ भनेर थाहा पाउनु पनि  हाम्रो जिम्मेवारी हो, अनि हामीले दिने दशांश र भेटीको उपयोग उहाँकै भरोसा र विश्वासमा छोड्नुपर्छ।

**हामी परमेश्वरमाथि कस्तो भरोसा राख्छौं भनेर देखाउन वा हाम्रो आत्मिक स्थितिलाई जगाइ राख्न दशांश दिने कामलाई किन महत्त्वपूर्ण मान्नुपर्दछ?**

## ४. शाबथमा फलफूल पेलेर ब्यापार गर्नु

**नहेम्याहले एउटा विशेष बिषयबस्तुतिर गम्भीर चासो देखाउदै सम्बोधन गरेका थिए। त्यो के हो? हेर्नुहोस् नहेम्याह १३:१५,१६ "१५ त्यस बेला यहूदामा मानिसहरूले शबाथमा कोल (फलफुल वा अन्नहरू) पेलिरहेका, र खेतको अन्न जम्मा गरेर दाखमद्य, दाख, नेभारा र सबै किसिमका भारी गधामा राख्दैगरेका मैले देखें। उनीहरूले यी सबै थोक शबाथमा यरूशलेममा ल्याउने गर्थे। त्यसैले त्यस दिनमा खाने कुरा बेचेको विरोधमा मैले तिनीहरूलाई चेताउनी दिएँ। १६ यरूशलेममा बसोबास गर्ने टुरोसका मानिसहरूले पनि माछा र अरू सबै किसिमका व्यापारका मालहरू ल्याएर शबाथमा यहूदाका मानिसहरूलाई यरूशलेममा बेच्दारहेछन्।"**

जब तपाईं अल्पमतमा अर्थात् धेरै मानिसहरू तपाईंभन्दा फरक हुन्छन् तब तपाईंलाई त्यहाँ अप्ठ्यारो महसुस हुन सक्छ। त्यसबेला तपाईंलाई

परमेश्वरको आस्थामा अडान लिनुपनि सजिलो नलाग्ला। साबथ परमेश्वरको पवित्र दिन हो र त्यस दिनमा कुनै काम नगर्नु भनेर उहाँलाई विश्वास गर्ने जन समूहलाई निर्देशन दिइएको थियो। त्यसकारण जब साबथमा विभिन्न बन्द व्यापारका कामहरू भइरहेका थिए त्यो निर्देशन यरुशलेमका मानिसहरूले पालना गर्ने भनि सुनिश्चित गरेका थिए। आफू परमेश्वरले खटाउनुभएको अगुवा भएको कारणले साबथलाई उचितरूपमा पालन गराउन मानिसहरूलाई अह्राउने नैतिक जिम्मेवारी नहेम्याहले लिएका थिए। त्यसकारण त्यसको निम्ति ठोस कदम चाल्न उनी अग्रसर भएका थिए।

परमेश्वरले यावत थोकहरू सृष्टि गर्नुभएपछि सबै सृष्टिको शिखर सृष्टिको रूपमा साबथलाई सृष्टि गर्नुभएको थियो। यो दिन अरू दिनहरूभन्दा बिशेष दिन थियो। यो समयमा परमेश्वरसँग समय बिताएर मानिसहरूको शारीरिक, मानसिक र आत्मिक आयामहरूलाई नविकरण गर्नुपर्ने हुन्थ्यो त्यसैले नयाँ हप्तामा प्रवेश गर्न नयाँ बल अर्थात उर्जा दिन आवश्यक हुन्थ्यो। त्यसकारण साबथमा आय आर्जन गर्ने काम वा अरू भौतिक तथा सांसारिक क्रियाकलापमा नलाग्नु भन्ने परमेश्वरको निर्देशन थियो।

एउटा भनाइ थियो "इस्राएलीहरूले साबथलाई सुरक्षित राख्नुभन्दा पनि साबथले चाहिँ इस्राएलीहरूलाई सुरक्षित राखेको थियो।" साबथको अत्यन्तै महत्त्वपूर्ण र प्रभावकारी पक्षहरू त्यसबेलामात्र होइन अहिले पनि छन्ः ती हुन् हामीमा परमेश्वरप्रतिको आस्था जगाइ राख्न सहयोग गर्ने र परमेश्वरको अनुग्रहले साबथ पालन गर्दा उहाँले प्रदान गर्ने आत्मिक र शारीरिक आशिषहरू आनन्दसाथ उपभोग गर्ने।

**साबथमा किनबेच, व्यापार वा अरू दिनहरूमा झैं पैसा कमाउने काम रोक्न नहेम्याहले कस्तो कदम चाले? हेर्नहोस् नहेम्याह १३ः१७-२२ "१७ यहूदाका भारदारहरूलाई हप्काएर मैले भनें, "यस्तो दुष्ट चाल चलेर तिमीहरूले शबाथलाई अपवित्र गर्नुको अर्थ के हो? १८ के तिमीहरूका पुर्खाहरूले पनि ठीक यस्तै काम गरेका हुनाले हाम्रा परमेश्वरले हामी र यस सहरमाथि यो विपत्ति ल्याउनुभएको होइन र? अब तिमीहरूले शबाथलाई अपवित्र पारेर झन् परमप्रभुको क्रोध जगाउँदैछौ। १९ शबाथका तयारीको निम्ति यरूशलेमका मूल ढोकाहरूमा साँझको छाया परेपछि प्रवेश-द्वारहरू थुन्नू र शबाथ नसिद्धिञ्जेल नखोल्नू भनी मैले आज्ञा गरें। शबाथमा कुनै पनि भारी भित्र लान नपाओस् भनेर मेरा केही मानिसहरूलाई मूल ढोकाको जिम्मामा नियुक्त गरें। २० एक-दुई**

**पल्ट व्यापारीहरू र सबै किसिमका सामान ल्याउने पैकारीहरूले यरूशलेमको बाहिर रात बिताए। २१ तर मैले तिनीहरूलाई यसो भनेर चेताउनी दिएँ, "तिमीहरू किन सहरको पर्खालकै सामुन्ने रात बिताउँछौ? यदि तिमीहरूले फेरि यसो गऱ्यौ भने म तिमीहरूको विरुद्धमा कड़ा कारबाई गर्नेछु।? त्यसपछि तिनीहरू फेरि कहिल्यै शबाथमा आएनन्। २२ अनि शबाथ-दिन पवित्र राख्न भनी मैले ती लेवीहरूलाई तिनीहरूले आफूलाई शुद्ध गरी मूल ढोकामा पहरा दिनू भन्ने आज्ञा गरें। हे मेरा परमेश्वर, यो पनि मेरो निम्ति सम्झना रहोस्, र तपाईंको महान् प्रेममा आफ्नो कृपा ममाथि रहोस्।"**

आफू यहूदाको बडा हाकिम भएको हुनाले नीतिनियमहरू लागु गराउनु आफ्नो जिम्मा भएको नहेम्याहले महसुस गरेका थिए। यहूदा राष्ट्रको नैतिकता परमेश्वरको आज्ञाहरूको आधारमा खडा भएको थियो। अर्थात् यहूदी राष्ट्रको बिधान, कानुन र नीतिहरू मानिसहरूले बनाएका बिधान, कानुन वा नीतिहरू नभएर परमेश्वरकै दश आज्ञालाई समेटिएको व्यवस्थामा आधारित नियम थियो। त्यसकारण नहेम्याह साबथ र व्यवस्था दुवैको संरक्षक बनेका थिए। यदि मुल पुजारीले भित्र्याएका भ्रष्टाचारको विरुद्धमा देशका भारदार, अगुवा वा गन्यमान्य व्यक्तिहरू उभिएको भए नहेम्याह त्यो परिस्थितिमा गेज्रिने थिएनन्। तर गरिबहरूलाई शोषण नगर्न र उनीहरूको अधिकार फिर्ता गर्न भारदार, अगुवा, सम्पन्न र गन्यमान्य व्यक्तिहरूलाई नहेम्याहले गरेको हुकुमप्रति तिनीहरू संतुष्ट थिएनन्। त्यसैकारण मुल पुजारी एलिशिब र तोबियाले ल्याएका परिवर्तनप्रति तिनीहरू चुपचाप रहेका थिए।

नहेम्याहले देशका अगुवाहरूलाई पहिला हप्काउँछन् र साबथ दिन सुरू हुनु अघि सहरका ढोकाहरू बन्द गराउन निर्देशन दिन्छन्। ती ढोकाहरूलाई पहरा दिन मानिसहरूलाई खटाउन पनि उनी अह्राउँछन्। जब बजारहरूलाई सहरभित्रबाट बाहिर निकाल्छन् तब अर्को साबथमा पनि सहरभित्र बन्द व्यापार गर्न नछोडे ती साहूहरूलाई पिटेर लखेट्ने भनेर पनि धम्क्याउँछन्। नहेम्याहका वचनहरू हल्का वा बोलीमात्र थिएनन्। उनी आफूले बोलेका वचनमा कटिवद्ध छन् भन्ने कुरा व्यापारीहरूलाई महसुस भएको थियो। त्यो कुरा बुझेर अर्को साबथदेखि साबथमा कुनै पनि व्यापारीहरूले सहरभित्र सामानहरू ल्याएर बिक्री गर्ने आँट गरेनन्।

## ५. के तिम्रा बाबुहरूले पनि त्यही गरेनन् र?

साबथका मामिलालाई लिएर नहेम्याहले देखाएको जोश र जाँगर अत्यन्तै सराहनीय तथा प्रशंसनीय छन्। साबथलाई ठीकसँग पालन गर्नुपर्ने नीतिप्रति उनले प्रतिवद्धता जाहेर गर्दै भनेका थिए यदि अरू जाति वा राष्ट्रका विदेशी व्यापारीहरू साबथमा व्यापार गर्न सहरभित्र पस्न खोजेमा तिनीहरूलाई घोक्राइदिने भनेर उनले ठोकुवा गरेका थिए। अर्को शब्दमा भन्ने हो भने यदि साबथमा सहरको ढोकाभित्र आएर सामान किनबेच गर्न खोजेमा आफै आएर हस्तक्षेप गर्ने वचन नहेम्याहले दिएका थिए। आफू बडा हाकिम भएको हैसियतले यो आज्ञा वा निर्देशन उचितरूपमा पालना गराउनु आफ्नो आधिकारिक र नैतिक जिम्मेवारी उनले ठानेका थिए।

"अगुवाहरू आफ्नो कर्तव्यप्रति बिचलित भएको वा वास्ता नगरेकोप्रति नहेम्याहले नडराइकन तिनीहरूलाई हप्काएका थिए। "साबथमा दुष्ट काम गरेर यसलाई किन बिटुलो बनाएको?" भनेर कडा शब्दमा हकारेका थिए। 'के तिम्रा बाबुहरूले पनि त्यसै गरेका थिएनन् र? जसले गर्दा हामीमाथी र यो सहरमा दुष्टता खनिएन र? तैपनि तिमीहरूले साबथलाई बिटुलो पारेर परमेश्वरको क्रोध ल्याउँदैछौ।' अनि 'जब साबथ सुरु हुनलाग्दा वा घाम अस्ताउन सुरु भएसँगै यरुशलेमका ढोकाहरू' बन्द गर्न उनी आदेश दिन्छन् र साबथ समाप्त भएपछिमात्र ढोकाहरू खोल्न अह्राउँछन्। यरुशलेम सहरका भारदार वा अधिकारीहरूलाई भन्दा आफ्ना सेवकहरूप्रति विश्वास तथा भरोसा भएकोले उनको निर्देशन पालना गराउन तिनीहरूलाई ढोकाहरू बन्द गर्न खटाउँछन्।"-एलेन जी ह्वाइट, *प्रोफेटस एण्ड किङ्स,* ६७१, ६७२बाट रूपान्तरित।

साबथलाई बिटुलो नपार्ने वा उचितरूपमा पालना गर्न र त्यसलाई उल्लङ्घन नगर्न नहेम्याहले दिएका अरू चेतावनीहरू इस्राएलको युगभरि नै घन्किरहेका थिए। येशू आउनुहुँदा पनि ती चेतावनीहरू जारि नै थिए। येशूको जीवनकालभरि धार्मिक अगुवाहरूसँग साबथलाई उचितरूपमा पालना गर्नैपर्ने कुरामा उहाँसँग विवाद चलेको चित्रण सुसमाचारका पुस्तकहरूमा हामी पाउँछौं।

**देहायका पदहरूको आशय के हो? येशू र पण्डितहरूको बीचमा भएको विवाद बुझ्न पौराणिक इस्राएलको इतिहासलाई पनि बुझ्न किन जरुरी छ? हेर्नुहोस्, मत्ती १२:१-८ "१ त्यस समय येशू शबाथमा अन्नका खेतहरूबाट**

भएर जाँदैहुनुहुन्थ्यो। उहाँका चेलाहरू भोकाएका थिए र अन्नका बाला टिप्दै खान लागे। २ तर फरिसीहरूले यो देखेर उहाँलाई भने, "हेर्नोस्, तपाईंका चेलाहरू शबाथमा जे गर्नु अनुचित छ, त्यही गर्दछन्।" ३ तर उहाँले तिनीहरूलाई भन्नुभयो, "दाऊदले, उनी र उनका साथमा हुनेहरू भोकाउँदा के गरेथे, के तिमीहरूले पढ़ेका छैनौ? ४ कसरी उनले परमेश्वरको भवनभित्र पसेर चढ़ाइएको रोटी खाएथे? त्यो रोटी खान न त उनलाई न उनीसँग हुनेहरूलाई, तर केवल पूजाहारीहरूलाई मात्र उचित थियो। ५ अथवा के व्यवस्थामा पढ़ेका छैनौ, कसरी शबाथमा पूजाहारीहरूले मन्दिरमा शबाथलाई अपवित्र तुल्याउँछन्, र पनि निर्दोषी ठहरिन्छन्? ६ तर म तिमीहरूलाई भन्दछु, मन्दिरभन्दा महान् कोही यहाँ छ। ७ तर "म बलिदान होइन, दया चाहन्छु" भनेको अर्थ के हो सो तिमीहरूले जानेका भए तिमीहरूले निर्दोषीलाई दोष लाउनेथिएनौ। ८ किनकि मानिसको पुत्र शबाथको प्रभु हो।" , मर्कूस ३:१-६ "१ पछिबाट फेरि उहाँ सभाघरमा पस्नुभयो। त्यहाँ सुकेको हात भएको एक जना मानिस थियो। २ कतै उहाँले त्यसलाई शबाथ-दिनमा निको पार्नुहुन्छ कि भनी उहाँलाई दोष लाउन मानिसहरू उहाँको चेवामा थिए। ३ तब उहाँले सुकेको हात भएको मानिसलाई भन्नुभयो, "यता आऊ।" ४ उहाँले तिनीहरूलाई भन्नुभयो, "शबाथ-दिनमा भलो गर्नु कि खराबी गर्नु, प्राण बचाउनु कि नाश गर्नु, कुनचाहिँ उचित छ? तर तिनीहरू चूप लागिरहे। ५ तिनीहरूका हृदयको कठोरतामा दुःखित भई क्रोधित भएर उहाँले तिनीहरू सबैलाई हेर्नुभयो अनि त्यस मानिसलाई भन्नुभयो, "तिम्रो हात पसार।" त्यसले हात पसाऱ्यो र त्यसको हात निको भयो। ६ तब निस्केर गई उहाँलाई कसरी नाश पारौं भनी फरिसीहरूले तुरुन्तै हेरोदीहरूसँग उहाँको विरुद्धमा मतो गरे।", लूक ६:६-११ "६ अर्को शबाथमा सभाघरभित्र पसेर उहाँले शिक्षा दिनुभयो। त्यहाँ एक जना मानिस थियो जसको दाहिने हात सुकेको थियो। ७ उहाँले शबाथमा निको पार्ने काम गरेको खण्डमा उहाँलाई दोष लगाउने नियतले शास्त्री र फरिसीहरू उहाँको चेवामा थिए। ८ तर उहाँले तिनीहरूको नियत थाहा पाउनुभयो, र सुकेको हात भएको मानिसलाई भन्नुभयो, "यहाँ आऊ र खड़ा होऊ।" अनि त्यो उठ्यो, र खड़ा भयो। ९ तब येशूले तिनीहरूलाई भन्नुभयो, “म तिमीहरूलाई सोध्छु, शबाथमा असल गर्नु वा खराब गर्नु, प्राण बचाउनु वा नाश गर्नु, कुनचाहिँ उचित हो? १० अनि उहाँले सबैलाई चारैतिर हेरेर त्यस मानिसलाई भन्नुभयो, "तिम्रो हात पसार।" त्यसले त्यसै गऱ्यो, र त्यसको हात सद्दे भइहाल्यो। ११ तर तिनीहरू रीसले चूर भए, र

येशूलाई के गरौं भनी आपसमा मतो गर्न लागे।" र यूहन्ना ५:१-१६ "१ त्यसपछि यहूदीहरूको चाड थियो, र येशू यरूशलेममा जानुभयो। २ यरूशलेममा भेड़ा-ढोकाको नजिक पाँच वटा दलान भएको एउटा जल-कुण्ड छ, जसलाई हिब्रू भाषामा बेथस्दा भनिन्छ। ३ त्यहाँ अनेक रोगीहरू, अर्थात्– अन्धा, लङ्गड़ा, पक्षाघातीहरू पल्सिरहन्थे। [तिनीहरू पानी कति बेला छ्चल्किन्छ भनेर पर्खिरहन्थे। ४ किनभने परमप्रभुका एउटा दूतले बेला-बेलामा जल-कुण्डमा ओर्लेर पानी हल्लाइदिन्थे, र पानी छ्चल्किएपछि जो पहिला पानी भित्र पस्थ्यो, जस्तै रोगले ग्रस्त भए पनि, त्यो निको भइहाल्थ्यो।] ५ त्यहाँ अठतीस वर्षदेखि बिरामी भएको एक जना मानिस थियो। ६ येशूले त्यसलाई त्यहाँ पल्सिरहेको देख्नुभयो अनि लामो समयदेखि त्यो यस दशामा रहेछ भनी जानेर येशूले त्यसलाई भन्नुभयो, "के तिमी निको हुन चाहन्छौ ? ७ रोगीले उहाँलाई भन्यो "हजूर, जुन बेला पानी छ्चल्काइन्छ मलाई जलकुण्डमा हालिदिने मेरो कोही मानिस छैन, म जाँदाजाँदै मभन्दा अगाडि अर्को मान्छे पानीमा ओर्लिहाल्छ।" ८ येशूले त्यसलाई भन्नुभयो, "खड़ा होऊ, र आफ्नो ओछ्यान उठाऊ, र हिँड़।" ९ तुरुन्तै त्यो मानिस निको भयो, र आफ्नो ओछ्यान बोकी ऊ हिँड़िहाल्यो। त्यो दिन शबाथ-दिन थियो। १० यसकारण निको पारिएको त्यस मानिसलाई यहूदीहरूले भने, "यो त शबाथ-दिन हो, तिमीलाई ओछ्यान बोक्नु उचित छैन।" ११ त्यसले तिनीहरूलाई जवाफ दियो, "जसले मलाई निको पार्नुभयो उहाँले नै भन्नुभयो, "आफ्नो ओछ्यान बोकेर हिँड़"। १२ तिनीहरूले त्यसलाई सोधे, "तिमीलाई ओछ्यान बोकेर हिँड़ भन्ने मानिस को हो? १३ तर निको भएको त्यस मानिसले उहाँ को हुनुहुन्थ्यो भनी चिनेको थिएन, किनभने त्यस ठाउँमा भीड भएको हुनाले येशू त्यहाँबाट गइसक्नुभएको थियो। १४ त्यसपछि येशूले त्यसलाई मन्दिरमा भेट्टाएर भन्नुभयो, "हेर, तिमी निको भएका छौ। फेरि पाप नगर, र तिमीमाथि अझ बढ़ी खराबी आई नपरोस्।" १५ उसलाई निको पार्ने त येशू हुनुहुँदोरहेछ भनेर त्यस मानिसले गएर यहूदीहरूलाई भनिदियो। १६ त्यस कारणले गर्दा यहूदीहरूले येशूलाई खेदो गर्न लागे, किनभने उहाँले यो काम शबाथ-दिनमा गर्नुभएको थियो।"

यहूदी धर्मगुरुहरू धर्मको नाउँमा अतिवादी भएका थिए। मानिसलाई भन्दा धर्मलाई ठूलो ठानिएको हुनाले मानिसको तुलनामा साबथलाई बिटुलो नपारियोस् भन्ने तिनीहरूको धारणा थियो तर तिनीहरूको सोचाइ येशू सम्मत थिएन जसले गर्दा साबथको प्रभु वा स्वामी अर्थात् सृष्टिकर्ता (लूका ६:५)

आउँदा तिनीहरूले साबथ उल्लङ्घन गरेको भनि उहाँलाई आरोप लगाए। असलै भएतापनि त्यसलाई अति गर्न हुँदैन अर्थात् धर्म र असल कामको नाउँमा मानिसको हितलाई कतिपयले बिर्सन सक्छन्। ती धर्मगुरुको विडम्वना त यो थियो कि, तिनीहरूले धर्म,व्यवस्था, रितिहरू कायम गर्नुपर्छ भनेर त्यसप्रति ठूलो चासो त देखाएका थिए तर व्यवस्थाको मुल गहिरो विषयबस्तुलाई भने तिनीहरूले पन्छाएका थिएः ती थिए न्याय, दया अर्थात् सदाशयता र विश्वास वा आस्था" (मत्ती २३:२३ रूपान्तरित)।

**हामी चाहे व्यक्ति हौं वा चर्च धर्म वा आस्थाको नाउँमा साबथ वा अरू आस्थाको विषयमा अरू मानिसहरूलाई ती यहूदीहरूले झैं मानिसभन्दा त धर्म नै ठूलो भन्ने प्रवृत्तिबाट हामी कसरी बच्ने**?

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित पृ. ११५-१२६को "रिज्वाइसिङ्ग इन द लर्ड।"**

"नहेम्याहले परमेश्वरका आज्ञाहरूबाट भड्केर गएकाहरूलाई तिनीहरूको याद दिलाएका थिए। ती आज्ञाहरू पालना नगर्दा के दण्ड भोग्नुपर्छ भनेर पनि सुनाएका थिए। इस्राएलीहरूले बिगतको समयमा परमेश्वरसँग गरेको करारलाई भङ्ग गरेर पाप गरेकोमा तिनीहरूमाथि उहाँको भयानक निसाफ खनिएको कुरा थाहा पाउँदा बल्ल ती यहूदीहरूको चेतना जागेको थियो। परमेश्वरको क्रोधबाट बच्न तिनीहरूले आफैमा आमूल परिवर्तन वा सुधार ल्याउनतर्फ ध्यान दिए। त्यसले गर्दा तिनीहरूले चालेको कदमलाई अनुमोदन गर्दै परमेश्वरले तिनीहरूलाई आशिष दिनुभएको थियो।

"परमेश्वरले खटाउनुभएको पवित्र ओहोदामा बस्ने कतिपयले उहाँलाई विश्वास नगर्ने बिदेशी श्रीमतीहरू आफूहरूसँगै रहन दिन बिन्ती गरेका थिए। तर परमेश्वरको कामलाई बिटुलो नपार्न कुनै ओहोदा र पदमा भेदभाव गरिएको थिएन। जो पुजारी होस् वा गन्यमान्य अगुवाहरू नै किन नहोस्, यदि तिनीहरूले मुर्ति पूजा गर्नेहरूसँग साँठगाँठ गरि नै रहेमा तिनीहरूलाई परमेश्वरको निम्ति गरिने सेवाकार्यबाट अलग गरिएको थियो। कुख्यात सन्बलतकी नातिनी विवाह गर्ने मूल पूजारीको नातिलाई पद्च्युतमात्र गरिएन इस्राएलबाटै निकाला गरिएको थियो। 'हे प्रभु, मलाई सम्झनुहोस्' भनेर नहेम्याहले प्रार्थना गरे, 'किनभने तिनीहरूले पुजारीको पदलाई बिटुलो पारे र

पुजारी र लेबीहरूले गरेका करार भङ्ग गरे।'"-एलेन जी ह्वाइट, *प्रोफेटस एण्ड किङ्गस*, पृ. ६७३,६७४बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. एलेन जी ह्वाइटले भन्नुभएको माथिको भनाइलाई फेरि पढ्नुहोस्। परमेश्वरलाई विश्वास नगर्ने आफ्ना बिदेशी श्रीमतीहरूलाई माया गरेपनि ती परमेश्वरको काममा नियुक्त गरिएका विशेष पदको दुरुपयोग गर्ने अगुवाहरूलाई नहेम्याहले के गरे होलान्? के नहेम्याहले परमेश्वरको नीतिसँग बाझिने कुरामा सम्झौता नगर्ने अडान चाहे मुल पुजारीकै सन्तानमा किन नहोस् तिनी किन कठोर भएका थिए? के त्यो गलत थियो कि ठीकै थियो? त्यही परिप्रेक्ष्यमा चर्चमा लागु गर्नुपर्ने अनुशासनको मामिलामा प्रेम र सदाशयता देखाउने नाउँमा परमेश्वरको सत्यता र नीतिको गरिमा र स्तरलाई तल नझार्न कसरी सचेत हुने?

आ. हप्ताको सातौं दिन साबथ पालन गर्नुको अर्थ विधिहरू पालन गरेर मुक्ति पाउने भन्ने कुरालाई हामी मान्यता दिंदैनौं। नचोर्नु, लोभ नगर्नु, नमार्नु, झूट नबोल्नु जस्ता नैतिक नीतिहरू पालना गरेर हामी मुक्ति पाउँछौं भन्ने कुरामा हामी असहमत भएको हुनाले साबथ पालना होस् वा दश आज्ञाका अरू आज्ञाहरू होस् तिनलाई पकडि राखेर मुक्तिको स्रोत वा बाटो त्यही हो भनेर विधिवादको जालोमा नपर्न हामी कसरी सचेत हुने? विधिवाद वा रितिरिवाज वा धर्मकर्म पालना गरेर मुक्ति पाउँछौं भन्ने अवधारणाबाट पन्छिएर बस्न हाम्रो सामु क्रुस र येशूले हामीलाई के गर्नुभयो सो सत्यलाई किन मध्यनजर राखिरहनुपर्छ? यदि यो शिक्षालाई हामीले हाम्रो दिमागमा राख्यौं भने हामीलाई अतिवादी हुनबाट यसले कसरी रोक्न सक्छ?

इ. बिस्तारै बिस्तारै परमेश्वरसँग बाझिने अन्य संस्कारसँग सम्झौता गरिने खतराबाट हामी कसरी जोगिने? त्यस्तो मनस्थितिलाई नहेम्यायले कसरी डटेर सामना गरेका थिए?

## कथा ११
## सुखी परिवारको रहस्य, आन्द्र्यु मेचेस्नी



हेजेल मोयोको निम्ति घर खुशीयालीपूर्ण थिएन। उनको बुबा रक्सीले टिल्ल हुन्थे। आमाबुबा जहिले घमासान झगडा गर्थे। तिनीहरू अफ्रिकाको जिम्बावेको सानो गाउँ ग्वान्डामा रहन्थे। आफ्नो घरमा पनि सुख शान्ति भए कस्तो हुन्थ्यो होला भनेर हेजेल सोच्ने गर्दथिन्।

जब हेजेल १४ वर्षकी भइन् तब उनले एउटा निर्णय गरिन् जसले गर्दा उनको घर सदाको निम्ति परिवर्तन भएको थियो। उनको कारणले घरमा विभिन्न घट्नाहरू भयो जसले घरमा आमूल परिवर्तन ल्याएको थियो। सर्वप्रथम त, उनी चर्चमा जान थालिन्। अरू बालबालिकाहरू आइतबारको दिन चर्चमा गएको उनले देखेकी थिइन् र उनी पनि त्यहा जान चाहेकी थिइन्। आफ्नो नौ वर्षको भाइलाई डोऱ्याएर उनी चर्चमा गइन्। उनले बाह्र कक्षा सकेपछि कहाँ पढ्ने होला भनेर खोजिनीति गर्ने क्रममा एउटा अखबारमा सोलुसी युनिभर्सिटीको विज्ञापन देखिन्। यो विश्वविद्यालय सेभेन्थ-डे विश्वविद्यालय थियो र त्यो उनको घरबाट टाढा थियो। त्यहाँ बसमा चढेर जाँदा साढे दुई घण्टा लाग्थ्यो। जब विश्वविद्यालयबाट विद्यार्थीहरू भर्ना गर्न उनको गाउँमा आए तब उनले तिनीहरूलाई भेटे। त्यस विद्यालयमा जान उनी राजी भइन्। उनको बुबाले पनि उनको पढाइ खर्च बेहोर्न मञ्जुर गरे।

सोलुसीमा हेजेल गीत गाउने समूहमा सम्मिलित भए। त्यस समूहका विद्यार्थीहरूलाई उनले साबथको बारेमा धेरै प्रश्नहरू गरिन्। त्यस समूहको एक जना भर्खरै विवाह गरेको पास्टर थियो। उनको नाउँ इलिट न्याटङ्गा थियो। एक दिन उनले हेजेललाई लक्षित गर्दै सबैको सामु भने “यस केटीलाई म मेरो छोरी बनाउन चाहन्छु। प्रत्येक बुधवार उनले प्रभुलाई चिनून भनेर म प्रार्थना र उपवास बस्नेछु।"

त्यस समूहको अर्को पाँच जनाले पनि ती पास्टरको कुरा मनपराए र उनीसँग प्रार्थनामा सम्मिलित भए। हेजेल पनि त्यही प्रार्थनामा सहभागी भइन्।

तिन महिनासम्म तिनीहरू उपवास बसे र प्रार्थना गरे। अनि सोलुसी विश्वविद्यालयले साप्ताहिक प्रार्थना सभाको आयोजना गऱ्यो। त्यो सभा पछि हेजेलले बप्तिस्मा लिइन्।

जब हेजेल २३ वर्षकी भइन् तब उनलाई पास्टर इलिटले एलेन जी ह्वाइटको पुस्तक *मेसेज्स टु योङ्ग पिपुल* दिए। परिवारलाई कसरी सुखी बनाउने भनेर त्यहाँ लेखिएका सल्लाहदेखि उनी प्रभावित भइन्। उनको परिवार सुखी होओस् भन्ने उनले चाहेकी थिइन्। "रिसाहा बाबुआमासँग कसरी कुरा गर्ने भनेर मैले त्यस पुस्तकमा सिकें। कुनै विषयबस्तुमा छलफल गर्नुपऱ्यो भने बाबुआमासँग कसरी कुरा गर्ने भन्ने पनि सिकें। विशेष गरेर आफ्नो बाबुआमालाई कसरी आदर गर्ने सो मैले त्यस पुस्तकबाट सिकें" उनले यी लेखकलाई सुनाइन्। त्यस पुस्तकमा भएको उनको मनपर्ने अंश पृ. ३३१मा यसरी लेखिएको छ "धेरै युवायुवतीहरूले सत्य जानेका छन् अर्थात परमेश्वरलाई चिनेका छन् भनेर दावी गर्छन् तर कतिपयले बाबुआमालाई दिनुपर्ने आदर र स्नेह दिँदैनन्। तिनीहरू आफ्ना बाबु र आमालाई थोरैमात्र प्रेम देखाउँछन्। तिनको चाहनालाई वास्ता गर्दैनन् र तिनीहरूलाई आदर गर्न असफल हुन्छन्। बाबुआमाहरूको चिन्तालाई तिनीहरू वास्ता गर्दैनन्।"

जब त्यस पुस्तकमा भएका सल्लाहलाई तिनले मान्न थालिन् तब हेजेलको घरमा खुशियाली छाउन थाल्यो। अनि छुट्टीमा घर आउँदा हेजेलले सुत्नु अघि बाबुआमालाई बाइबल पढ्न र प्रार्थना गर्न आग्रह गरिन्। तिनीहरूले पनि सहमति जनाए। एक दिन बेलुका आमाले हेजेललाई बाइबल पढ्न र प्रार्थना गर्न अनुरोध गरिन्। अनि पूरै परिवारले हरेक बिहान र बेलुकै परमेश्वरको आराधना गर्न थाले। अब त्यस घरमा खुसी छाएको छ। आफ्नो परिवारले बप्तिस्मा लेओस् भनेर हेजेलले प्रार्थना गरिरहेकी छिन्। "अब हामी सुखी परिवारमा छौं। यस्तो खालको परिवार सधैं होस् भनेर मैले चाहेको थिएँ" हेजेल खुशी हुँदै सुनाउँछिन्।

*सन् २०१५को त्रैमासिक साबथस्कूलको उब्रेको भेटीको भाग सोलुसी विश्वविद्यालयको क्याफ्टेरियाको आकार बढाउन सहयोग भएको थियो। पहिला ५०० जनाको निम्तिमात्र भान्सा कोठा थियो भने अहिले १००० जनाको छ। तपाईंको भेटीले सोलुसी जस्ता एडभेन्टिस्ट स्कूलहरूलाई सहयोग मिलेको छ। पवित्र आत्माको अगुवाईमा ती शिक्षण संस्थाहरूले अनन्त राज्यको निम्ति परिवारहरूलाई परिवर्तन गर्न सकेको छ।*